

# एसडीएफको सम्पूर्ण न्याय-यात्रा

# सिक्किमको नव निर्माण

54167
P08-CL
397

# एसडीएफको सम्पूर्ण न्याय-यात्रा
# सिक्किमको नवनिर्माण

SIKKIM UNIVERSITY LIBRARY
GANGTOK

सम्पादक मण्डली

भीम दाहाल
वीरु बाङ्देल
टी.एन. शर्मा
अम्बर राई
मोहन दुङ्माली
पुण्यप्रसाद शर्मा
अशोक प्रशान्त
प्रेम कार्की

प्रकाशक

गान्तोक, सिक्किम

# विषय-सूची


| | | | |
|---|---|---|---|
| १. | एसडीएफको सम्पूर्ण न्याय-यात्रा : सिक्किमको नवनिर्माण | ... | १ |
| २. | प्रजातन्त्रको बिहानी | ... | ४ |
| ३. | राज्य भाषाहरू | ... | ७ |
| ४. | धर्म, आचरण, परम्परा र संस्कृति-सचेत एसडीएफ | ... | ९ |
| ५. | सिक्किमका राजनैतिक मागहरूमाथि एसडीएफ पार्टीको जिम्मेदार पहल | ... | ११ |
| ६. | सिक्किमेली लिम्बू र तामाङले जान्नुपर्ने कुराहरू | | १६ |
| ७. | लिम्बू, तामाङको ट्राइबल मान्यता र सीट आरक्षणप्रति पार्टी अध्यक्ष पवन चामलिङको नियत (Intention) | ... | २७ |
| ८. | पञ्चायतमा ऐतिहासिक सीटआरक्षण र विधानसभामा लिम्बू-तामाङको सीटआरक्षणबारे पृष्ठभूमि | ... | ३० |
| ९. | सामाजिक न्यायको महत्वपूर्ण पढ़ाव : सिक्किमका नयाँ ओबीसीहरू | ... | ३५ |
| १०. | वर्गीय समानताको अर्को नाम : अति पछौटेवर्ग | ... | ३९ |
| ११. | भोटिया, लेप्चा, शेर्पा अल्पसंख्यकहरूको सुरक्षा र विकास | ... | ४१ |
| १२. | अनुसूचित जाति | ... | ४४ |
| १३. | सिक्किमेली महिलाहरूको स्वर्ण युग | ... | ४५ |
| १४. | वृद्धावस्थामा सहयोग र सुविधा | ... | ४८ |
| १५. | सिक्किमको युवा पुस्ता, क्षमता र अवसर | ... | ४९ |
| १६. | बुनियादी पूर्वाधार | ... | ५४ |
| १७. | गाँस-बास र कपास | ... | ५५ |

१८. प्रकृति–परम्परा–पर्यटन ... ५८
१९. सिक्किममा औद्योगिक क्रान्तिको आरम्भ :
पवन चामलिङ्को सपना ... ६४
२०. भौगोलिक अवस्थाले गर्दा सिक्किम पछि पर्दैन ... ६६
२१. नाथुला–व्यापार मार्ग ... ६८
२२. राष्ट्रका सहोदर नागरिकहरूबाट लिनुपर्ने शिक्षा ... ७२
२३. सिक्किमको आचरण र शिष्टाचारमै परिवर्तन ... ७४
२४. नोकरशाही–नव–धनाड्यवर्ग र वर्गचेतना ... ७६
२५. एसडीएफ न्याय युद्धमा ... ८०
२६. सिक्किमका मजदुरहरू राष्ट्रकै सुगमपथमा ... ८३
२७. एनजीओको नाममा छद्म राजनीति ... ८५
२८. लबस्तरो, दिशाहीन, डाहिल्ले र विकास विरोधी जमात ... ८७
२९. प्रजातान्त्रिक र आदर्श प्रशासनको चुनौती अनि परिणाम ... ९२
३०. भौतिक र मानसिक विकासको एसडीएफ सिद्धान्त ... ९५
३१. सिक्किम नवनिर्माणको सही मार्गमा ... ९९
३२. २०२०–सम्ममा सिक्किम देशको स्वीट्जरल्याण्ड,
मकाउ वा सिंगापुर बन्नेछ ... १०३
३३. चामलिङ्को अटल र राष्ट्रवादी नेतृत्व ... १०५
३४. परिवारवादबाट मुक्त एस. डी. एफ. ... १०७
३५. सिक्किममा केन्द्रीय आयकर मिनाहा हुने ... १०९
३६. सिक्किमेलाई आयकरको कालोभारी बोकाउने को ? ... ११०
३७. भरखर सम्पन्न विधानसभाका महत्वपूर्ण प्रस्तावहरू ... ११९
३८. राज्य पुनर्सीमाङ्कन आयोगको अधिसूचना ... १२०
३९. परिशिष्ट ... १२१-१९५

•

# एसडीएफको सम्पूर्ण न्याय यात्रा
# सिक्किमको नवनिर्माण

प्रजातान्त्रिक आन्दोलनको परिणति र व्यापक जनसमर्थनको लहरबाट स्थापित; १२ दिसम्बर १९९४-का दिन एसडीएफ सरकारले जर्जर भएको अप्रजातान्त्रिक वातावरण, हैकममा खच्चिएको र दच्चिएको नोकरशाही, १००० करोड़ ऋण र नष्ट गरिएको सामाजिक संरचना जिम्मा लिनुपर्‍यो। भित्रभित्रै दन्किएको भोटे-लेप्चा-नेपालीहरूबीचको साम्प्रदायिक विखण्डन, त्रस्त व्यापारी र दलिएका जनतालाई उनीहरूको मौनता तोड्ने प्रेरणा र शक्ति पवन चामलिङको नेतृत्वाधीन एसडीएफ पार्टीले दिएको हो। प्रजातन्त्र र कानूनको राज दबाएर सबैले सधैं डराउनुपर्ने, तर्सिनुपर्ने, एक व्यक्तिको हैकम र दबदबा कस्तो हुन्छ त्यो अहिले २० देखि ३० वर्षको आयु-सीमाका युवा-युवतीहरूलाई थाहा नहुन सक्छ। १९९४ सालअघिको सिक्किममा मुख्यमन्त्री र उनका नजीककाहरूसँग डराउनु अनि उनलाई मनाउनुपर्ने अवस्था थियो। कुनै पनि संघ, संस्था वा जातिगोष्ठीले आफ्नो

भाषा, साहित्य, संस्कृतिलाई राज्यले चिह्नारी र प्रमाङ्गी दियोस् भन्न डराउँथे किनभने यसो भन्नासाथ साम्प्रदायिकताको ठप्पा लगाइन्थ्यो। नेपाली जातिका सन्तानहरूले सम्पूर्णतामा एक रहेर आफ्नो-आफ्नो परम्परा, जनभाषा, पर्व र संस्कृतिको प्रसंग उठाउनासाथ उनीहरूलाई दबाइन्थ्यो। त्यस अवस्थाको यहाँ किन उल्लेख गरिएको छ भने सिक्किमको दोस्रो र तेस्रो पुस्ताले समेत वर्तमान अवस्था आउनअघिको दुरावस्था र अन्यायको इतिहास बुझ्नैपर्नेछ।

सिक्किमलाई प्रजातन्त्र, कानूनको राज र सबैभन्दा गरीबलाई विकास र राहत दिनको निम्ति एसडीएफ पार्टीले अध्यक्षको घोषणा जनस्तरसम्म पुऱ्यायो- **'पवन चामलिङको सपना : नयाँ सिक्किम सुखी सिक्किम।'**

नाना,माना र छानाको निम्ति हड्डी घोट्न बाध्य, सरकारबाट कुनै राहत र सहयोग नपाएका गरीबहरूले आफ्नो सुख र सपनाको अभिभावक संस्थाको रूपमा एसडीएफलाई वरण गरे। त्यो गरीबको सुखको सपना चकनाचूर पार्नमात्र होइन, तर सिक्किममा साम्प्रदायिक भाँड़भैलो फैलाउने उद्देश्य भएकाहरूले १९९४ सालको मई महिना १२ तारिख 'नेपाली खेद्ने' र 'भोटे काट्ने' जस्ता नारा लगाएका थिए। सिक्किमको बौद्धिक र सिक्किम प्रेमी समाजले त्यसबेला एसडीएफ अध्यक्ष पवन चामलिङकै आश्रय लियो। तत्काल १५ मई १९९४-को दिन सिङतामममा शान्ति सद्भावनाको विराटसभा आयोजन गरेर चामलिङले सिंहनाद गरे- **'नेपाली खेद्नेले पहिले मलाई खेद्, भोटे काट्छु भन्नेले पहिले मलाई काट।'**

प्रजातन्त्रलाई संघ-संगठनदेखि लिएर कलम र वचनसम्म बन्दी बनाएर त्यसबेलाको सत्ताको तानातानमा फगत सत्ताको निम्ति भोटे-लाप्चे-नेपालीबीच बालेको १९९४ सालको साम्प्रदायिक त्रास र सन्देहको ज्वाला पवन चामलिङले निभाएका हुन्। त्यो स्थिति सत्तामा आउन अघिदेखि यो चौध वर्षको शासनमा एसडीएफ पार्टीले कहिल्यै उब्जिन

दिएन। त्यसैले प्रजातन्त्र, शान्ति र कानूनको राज कायम भएको छ।

राज्यमा एक हूल मानिसहरू १९९४ अघि खुशी थिए जो सत्ताको आशीर्वादमा आर्थिक रूपले सम्पन्न थिए। तर आम मानिसहरू र विशेष गरिकन गरीबहरूको जीवन अत्यन्त कठीन थियो। त्यस स्थितिमा एसडीएफ सरकार समक्ष लोकतान्त्रिक मूल्य-मान्यतालाई व्यवस्था र सिक्किमेली समाजमाझ स्थापना गर्नु वा प्रजातन्त्र पुनः बहाल गर्नु पहिलो काम थियो। एउटा दयाहीन र दम्भी राजतन्त्रमा जस्तो भय, त्रास र सन्देहले दिशाहीन भएको सिक्किमको जनसमुदायलाई एसडीएफ पार्टीले वा नेता पवन चामलिङले गरेको पहिलो विकास नै प्रजातन्त्र हो। पत्रकारिता जगत्, राजनीति गर्नेहरूले १९९४ देखि संवैधानिक दायराभित्र नरहेर सरकारको आलोचनालाई अनर्गल र असभ्य स्तरसम्म लैजाँदा पनि सरकारले कानुनी सहाराबाहेक १९९४ अघि गर्ने गरिएका साधनहरू कहिल्यै प्रयोग गरेन र गर्नेछैन।

•

# प्रजातन्त्रको बिहानी

प्रजातन्त्र र प्रकाशलाई परिभाषित गर्दा अन्धकार र एकमना शासनसँग दाँजेर गर्नुपर्दछ। अन्धकारमा उज्यालोको जति अर्थ हुन्छ त्यति नै अर्थ एकमना हुकुमे शासनमा प्रजातन्त्रको हुन्छ। प्रजातन्त्र हनन भएको समयमा सानो उमेर भएकाहरूले अहिले आएर प्रजातन्त्रको नौलो बिहानीको प्रकाशमान सिक्किमको मूल्याङ्कन गर्न सकुन् र यस स्वतन्त्र परिवेशमा आफ्नो व्यक्तित्वको विकास गर्न सकुन् भन्ने एसडीएफ पार्टी चाहन्छ। यो चाहना राख्ने नैतिक अख्तियार पार्टीका अध्यक्ष पवन चामलिङलाई प्राप्त छ किनभने उनले सिक्किमबाट अनेक खाले जुलुमहरूलाई, थरी-थरीका अत्याचारहरूलाई समाप्त गरिदिएका छन्। गुण्डाटेक्स, नारी-उत्पीड़न, असंसदीय शब्दहरूको प्रयोग, बाल-उत्पीड़न झैं सामाजिक रोगहरूबाट सिक्किम मुक्त भएको छ। यी रोगहरू रोक्ने र समाजलाई प्रजातान्त्रिक अनुशासनभित्र रहेर चलखेल गर्ने पूर्ण प्रजातान्त्रिक नियमहरू बनेका छन्।

एसडीएफ सरकार बनेको समयमा सिक्किममा दश-पन्द्रवटा साप्ताहिक बाहेक केही छापिंदैन थियो। सत्य र वास्तविक कुरा लेख्दा प्रेसहरू तोडिन्थे, पत्रकार हिनाम हुन्थे। तर वर्तमान सिक्किममा आधा दर्जनभन्दा बढ़ी अंग्रेजी, नेपाली र हिन्दी दैनिक समाचारपत्र र साठी सत्तरवटा

साप्ताहिक र अर्धसाप्ताहिक समाचारपत्रहरू प्रकाशित भइरहेछन्। स्वतन्त्र रूपमा आफ्नो कलम चलाइरहेछन् यसैकारण सरकारले आदर्श पत्रकारहरूलाई वर्षेनी पुरस्कारले सम्मानित गरिरहेछ। पत्रकारिताका निम्ति आवश्यक सामग्री र सहयोग दिने अनि मुख्यमन्त्री स्वयं प्रेस क्लबमा गएर विचारहरूको आदान-प्रदान गर्ने नयाँ शिष्टाचार र सद्भावना कायम गरिएको छ। कुनै पत्रकारले पनि सत्तारूढ़ दलबाट कुनै धम्की वा सरकारबाट होचो-अर्घेलो सहनु परेको छैन।

सिक्किम डेमोक्रेटिक फ्रण्टको सरकार स्थापना भएयता सिक्किमको राजनीतिमा सृजनशील, सकारात्मक अनि सिक्किमको भविष्य निर्माणमा गम्भीर रहेको कुनै अर्को दल वा संस्था नहुँदा पनि एसडीएफ पार्टी यसलाई एक किसिमको चिन्ताकै विषय ठान्दछ। सरकारको कोरा आलोचना बाहेक एसडीएफ पार्टीले विगत १४ वर्षको जनपक्षीय र गरीबपक्षीय शासनमा एसडीएफबाट अलग रहेर राजनीति गर्ने व्यक्ति वा समूहलाई आफ्नो प्रतिपक्षी ठान्न सकेन। एउटै व्यक्ति वा समूह अनेक मञ्चमा पाइतो सरेर सिक्किमको नवनिर्माणको बाधक र त्यही अर्थमा आम सिक्किमेहरूकै विरोधी क्रियाकलापमा लागेकोले एसडीएफ पार्टी विभिन्न व्यक्ति, संगठन वा पार्टी भएर उभिंदा उनीहरूलाई विपक्षीको ओजन दिन यही कारणले असमर्थ छ।

एसडीएफ पार्टीले सिक्किम निर्माणलाई आफ्नो मात्र एजेण्डा, आफ्नो मात्र सपना र आफ्नो मात्र कार्यक्रम कहिल्यै ठानेन। दुर्छे प्रवृति नै भए तापनि संगठनको नाममा उभिएका, बामे मात्र सरेका संस्थाहरूलाई पनि सिक्किमका राजनैतिक मागहरू र अन्य विषयहरूमा समावेश गर्ने र सहमति कायम गर्ने कुरामा एसडीएफ सरकारले कहिल्यै भेदभाव राखेन। तर सिक्किमका नेपाली सन्तानहरूको एकता, भोटिया, लेप्चा, शेर्पा सन्तानहरूको एकता र सम्पूर्ण सिक्किमेहरूको सिक्किमे जातिको रूपमा हुनुपर्ने एकताको वर्गीय बैरीको रूपमा सामन्तीहरूको आड़ अड़ेसो भएर यिनै व्यक्ति र

समूहहरूले बिखण्डनको राजनीति गरिरहेका छन्।

एसडीएफ अध्यक्ष पवन चामलिङ्ले पार्टी बन्नासाथ १९९३-साल मै "**सिक्किमे जाति**" पुस्तिका नामक मार्फत सिक्किमेहरूको परम्परागत एकता, कसरी एकता कायम हुन सक्छ त्यसको स्पष्ट घोषणा गरिसकेका छन्। सिक्किमे सन्तानहरूको भाषा, संस्कृति, साहित्य, चाड़-पर्वहरूलाई मान्यता दिएर अङ्ग अङ्गको शक्ति सञ्चारित गराइदिएर सिक्किमे सन्तान आज वसन्तको फूलबारी झैं अनेकौं सुन्दर फूलहरूको बगैंचा बनेको छ। अर्कोतिर भोटिया, लेप्चा र शेर्पाहरूको सांस्कृतिक, धार्मिक, भाषिक, परम्परागत जीवनशैली, आस्था र हकको सुरक्षा गरेर एसडीएफ पार्टीले सिक्किमे जातिको सुरक्षा र सम्बर्द्धनको आफ्नो घोषणालाई पूर्ण रूपले, नियमबद्ध रूपले, कानूनसंगत रूपले पूरा गरेको छ।

प्रजातन्त्रलाई संस्थागत गर्ने काम यसरी एसडीएफ अध्यक्ष पवन चामलिङ्ले पूरा गरेका छन्। प्रत्येक वर्ग र तहमा मानिसहरूले आफ्नो गन्ती रहेको महसुस गरेका छन्। कुनै एक सिक्किमे सन्तानबाट अरू सन्तानहरूले डराउनु पर्ने र दब्नुपर्ने अवस्था एसडीएफ शासनमा कहीं छैन। समान अवसर र जनताको मौलिक अधिकारको समान सुरक्षा गरेकोले गर्दा आज सिक्किममा प्रजातन्त्रको रमाइलो बिहानी छ। जुन बेला यस्तो जीवन्त प्रजातन्त्र सिक्किममा थिएन, त्यसबेला प्रजातन्त्र यस्तो हुनुपर्दछ भन्ने साहस र संकल्प पवन चामलिङ्को हो, एसडीएफ पार्टीको हो।

●

# राज्य भाषाहरू

सिक्किम डेमोक्रेटिक फ्रण्टले नेपाली, भोटिया, लेप्चा, लिम्बू, संस्कृत भाषा, साहित्य र भाषा सँगसँगै जोड़िएका आस्था र परम्पराहरूको पूर्ण संरक्षण, सम्बर्द्धन र विकास गरेको कुरा सिक्किमका गाउँ-गाउँमा पुगेका पुस्तकालय र भाषा पाठशालाहरूबाट प्रमाणित हुन्छ। पूर्वोत्तर भारतकै पहिलो संस्कृत महाविद्यालय र अनेकौं संस्कृत पाठशालाहरू, बौद्ध शिक्षा संस्थानहरू साथसाथै लिम्बू, भोटिया लेप्चा भाषालाई महाविद्यालय स्तरसम्म शिक्षाक्रममा समावेश गरिनु कम महत्वपूर्ण कुरा होइन। सिक्किमे नेपाली सन्तानका भाषाहरू-नेवारी, गुरुङ, तामाङ, राई, मंगर, सुनुवार, शेर्पा आदिलाई राज्यभाषा घोषणा गर्ने र यस ऐतिहासिक कामलाई आरम्भ गर्ने एसडीएफ सरकार हो। सिक्किमे नेपालीहरूमाझ बोलिने मूल भाषा र समग्रमा सिक्किमे नेपालीहरूको अभिव्यक्तिको भाषा नेपाली भाषा हो। हजारौं सालदेखि नेपालीहरूले बोलचालमा, विभिन्न मुहूर्त र पर्वहरूमा, जय-जन्म र श्राद्धकर्ममा बोलचाल गर्ने र आफ्नो लिपि पनि भएका भाषाहरूलाई राज्य भाषाको रूपमा मान्यता दिएर एसडीएफ सरकारले परम्परा, संस्कार र भाषिक आत्मा-स्वतन्त्रतालाई मान्यता दिएको छ।

विभिन्न भाषाका शिक्षकहरू नियुक्त भएका छन्। लोकतन्त्रमा जनताको माग, अभिप्राय र अभिलाषालाई पूरा गर्नुपर्दछ भन्ने कुरामा कुनै दुइमत हुन सक्तैन। मानिसहरू आफ्नो-आफ्नो व्यक्तित्व विकासको निम्ति अनि जीवनमा अघि बढ्नका निम्ति जुन भाषालाई माध्यम बनाउन चाहन्छन् त्यो छान्न स्वतन्त्र हुन पाउँछन्। सिक्किम विधानसभामा पूर्ण बहस

गरेर निम्नलिखित भाषाहरूलाई एसडीएफ सरकारले राज्य भाषाको रूपमा मान्यता दियोः-

**नेवारी, राई, गुरुङ, मंगर, तामाङ, शेर्पा, सुनुवार**लाई राज्य भाषाको रूपमा मान्यता दिएर सिक्किम विधानसभाले पारित गरेका प्रस्तावहरू र अधिसूचना **परिशिष्ट १ र २-मा** दिइएको छ।

सिक्किमका प्रत्येक पुस्ताले याद गर्नुपर्नेछ सिक्किमेली नेपाली सन्तानहरूले समूहगत रूपमा पारिवारिक, सामाजिक र धार्मिक रूपले प्रयोग गर्ने भाषाहरूको विकास हुँदा, परम्परा र इतिहासको संरक्षण हुँदा, सिक्किमको समाज एकात्म र शक्तिशाली बनेर जान्छ। नेपाली भाषा र साहित्य सिक्किमेली नेपाली समाजको अभिभावक भएर रहने छ भने, त्यही समाजभित्र प्रचलित भाषाहरू नेपाली भाषाकै लाला-बाला सरह यसलाई अझ धनी बनाउन पुग्नेछन्। सिक्किमबाट मूल रूपले निर्माण प्रकाशन लगायत अन्य संस्था र निजी रूपमा १९९४ देखि २००७-सम्ममा कम्तीमा पनि चार सय नेपाली वाङ्मयका पुस्तकहरू प्रकाशित भैसकेका छन्। यतिमात्रले भाषा, साहित्यको विकास र श्रीवृद्धि नहुने हुनाले ग्रामीण क्षेत्रहरूमा एकसय साठीवटाजति पुस्तकालयहरूको स्थापना गरेर यी पुस्तकालयहरूमा लेखक, प्रकाशकहरूद्वारा प्रकाशित पुस्तकहरू किनेर पुऱ्याइदिने प्रथम सरकार पनि एसडीएफ नै हो। १९९४-देखि अगाड़ि यही समयावधिमा प्रकाशित पुस्तकहरूको संख्या हेरे सिक्किमको भाषा र साहित्य कतिको धनी भएको छ, त्यो ऐना जस्तै छर्लङ्ग भइजान्छ।

सिक्किमेली जनभाषाहरूको मान्यतालाई आज कसैले र कहीं पनि यदि नकारात्मक दृष्टि र नकारात्मक विवेचना गर्छ भने त्यो आत्मदम्भीय राजनीति वा नस्लीय सोचको परिणति हुनसक्छ। मानिसहरूको मन फाँटिलो हुनुपर्दछ र मात्र भाषा-साहित्य र संस्कृतिको फाँट ठूलो हुनसक्छ।

•

# धर्म, आचरण, परम्परा र संस्कृति-सचेत एसडीएफ

धर्म अथवा religion ग्रीक शब्द religio- बाट व्यूत्पन्न भएको हो, जसको अर्थ हो to bind अथवा बाँध्नु। एसडीएफ पार्टीको वैज्ञानिक सोच अनुसार धर्मले मानिसहरूलाई आचरणमा बाँध्दछ र आत्मोदय गराउँदछ। कुनै न कुनै रूपमा धर्म, परम्परा र संस्कृति आपस्तका सम्पूरक रहेका हुन्छन्। बौद्ध धर्ममा गौतम बुद्ध र सिक्किमका इष्टदेव गुरु रिम्पोछेको अत्यन्त ठूलो महत्व छ। हिन्दूधर्ममा दुर्गा माता, शंकर भगवान, आदिको सबैभन्दा बढ़ी आराधना हुन्छ भने, इशा मशीह, पैगम्बर मोहम्मद, महावीर, गुरुनानक, सत्य साईबाबा, सतपालजी महाराजका अनुयायीहरू पनि सिक्किमको समाजमा छन्। एसडीएफ पार्टी र यसका नेता पवन चामलिङले सर्वधर्म समरसता र सर्वधर्म समभावको अखण्ड प्रतिज्ञा गरेका छन्। सरकारले विश्वमा कहीं पनि निर्मित नभएको गुरु रिम्पोछेको मूर्ति, हिमाली अञ्चलमा कहीं नभएको गौतम बुद्धको मूर्ति, भगवान शिवको मूर्ति, हिन्दू धर्मको आत्मा ठानिने चार धामको स्थापना, साईबाबाको मन्दिर, विभिन्न ठाउँमा गिर्जाघर, मन्दिर, गुम्बा र सतपालजी महाराजका कीर्तनस्थल, युमासाम्यो माङ्हिम, विभिन्न ठाउँमा लेप्चा सांस्कृतिक भवनहरू, रोदिम खिम र रोदीघरहरू समेत निर्माण गर्नमा प्रत्यक्ष सहयोग गरिरहेको छ। दक्षिण जिल्लाको नाम्ची नजिकै सोलफूमा धमाधम बन्दै गरेको चारधाम प्रतिस्थापना विश्वको हिन्दूधर्मको इतिहासमा मानव कल्पना, अध्यात्म र इच्छाशक्तिको अनुपम उदाहरण बन्ने छ। कला, कल्पना र

सपनाको संगम सिक्किमको चारधामको निर्माण समाप्त भएपछि सिक्किम हाम्रो मातृभूमि मात्र नभएर देवभूमिमा परिणत हुनेछ। पवन चामलिङको इच्छाशक्ति, कला, कल्पना र आध्यात्मिक उचाइको हामी कदर गर्दछौं। कोमलताबाट मात्र चारधाम झैं चारधाम निर्माण गर्ने विचार र इच्छा पैदा हुनसक्तछ। अहिले यदि कोही मौन छन् भने यस सत्कर्मको निम्ति भोलिको विश्व पवन चामलिङको कोमल साथै उदात्त कल्पना र कर्मका निम्ति बोल्ने छ। सिक्किममा अब पूर्वको जगन्नाथ धाम, पश्चिमको द्वारिकाधाम उत्तरको बद्रीनाथधाम र दक्षिणको रामेश्वरमधाम प्रतिस्थापना भएभन्दा फरक पर्दैन।

धर्मलाई धारण गर्नुपर्ने र आचरणमा अनुशासन र सभ्यता आउनुपर्ने कुरालाई अध्यक्ष पवन चामलिङले चाहेको वैज्ञानिक धर्मको परिभाषा मान्न सकिन्छ। आज हाम्रो देश भारतका अनेकौं ठाउँमा धार्मिक विवाद र हुल्दङ्गा हुन्छन् र त्यहाँको स्थानीय राज्य सरकारले रोक्न नसकेको खबर हामी पाउँछौं। सिक्किमको विशिष्टता र पवन चामलिङको नेतृत्वको शौष्ठव के हो भने जनताले चाहेको धार्मिक क्रियाकलापहरूलाई सहायता गर्ने सरकार छ। सिक्किममा कुनै धर्म रोक्ने र कुनै धर्म थोप्ने धार्मिक विवादहरू छैनन्।

जनताले आस्था व्यक्त गरेका र परम्परासँग सम्बन्धित पर्यटकीय स्थलहरूलाई समेत सरकारले सुरक्षा दिएको छ।

यस बाहेक सिक्किमका महात्माहरू जस्तै गुरु रिम्पोछे, महात्मा शिरिजङ्गा तेओङ्सी आदिले जन्म लिएका पवित्र दिनलाई राज्यमा विदा घोषणा गरिएको छ। प्रत्येक सिक्किमे सन्तान समूहको चाड़पर्वलाई सरकारी मान्यता र प्रमाङ्गी दिंदै सरकारी बिदा घोषणा गरिएको छ। राजाकै समयमा घोषणा गरिएका चाड़पर्वहरू जस्तैः- दशैं, तिहार, लोसर, बड़ादिन बाहेक राज्यमा शिरिजङ्गा तेओङ्सीको जन्मदिन, गुरु रिम्पोछेको जन्मदिन, लोछार, सोनाम लोसार, तेन्दोङ्ग-लो-राम्फात, साकेवा, बराहीमेजोङ आदिको दिन विदा घोषणा गरिएको छ, **हेर्नुहोला - (परिशिष्ट संख्या-३)**

●

# सिक्किमका राजनैतिक मागहरूमाथि एसडीएफ पार्टीको जिम्मेदार पहल

सिक्किमको राजनैतिक माग र संघर्षको इतिहासको प्रारम्भ नै प्रजातन्त्रको स्थापना र नस्लभेदको समाप्ति हो। १९४६ सालदेखि सिक्किमको जनमानसमा रहेको प्रजातन्त्रप्रतिको अभिलाषालाई दबाएर बहुसंख्यक गरीबहरूको गन्ती नगरेर भारादारहरूप्रति अति झुकाउ राख्दा राजशासन १६ मई, १९७५-देखि समाप्त भयो। त्यसपछि पनि वर्गलाई जातिले प्रभावित गर्ने कोल्टे प्यारिटी प्रथाको प्रतिरोध भएर राजनैतिक, आर्थिक र नोकरी-चाकरीमा रहेको प्यारिटी प्रथाको समाप्ति साथसाथै १९७८-को जनप्रतितिनिधित्व ऐन संशोधन अध्यादेश **(परिशिष्ट-४)** सँगै प्यारिटी प्रथा समाप्त भयो।

१९७६ सालमा प्रधानमन्त्री स्व. चरण सिंहले नियुक्त गरेको बी.पी. मण्डल कमीशनले आफ्नो काम थाल्यो।

मण्डल कमिसनको सिक्किम भ्रमण र अन्य पछौटे वर्गको सर्वेक्षण हुँदा १९८०-मा सिक्किमका मुख्यमन्त्रीबाट सिक्किमे नेपालीहरूलाई ठाड़ै विभाजन गर्ने काम भयो। ठीक यही समयमा सिक्किमकै एक अर्को राजनीतिज्ञले भोटे,लेप्चा, शेर्पा आदिलाई प्राप्त सीटआरक्षण विरूद्ध सर्वोच्च न्यायलयमा मुद्दा दायर गरे र एक दशकपछि उनी परास्त भए। राजाका रैती वा प्रजा रहेकाहरूको उचित विवेचना गर्नु हो भने दोस्रो दर्जाका प्रजा सरह बाँच्नु परेका नेपालीहरू माझबाट अगौटे र पछौटे, विकसित र अविकसित, भनी खुट्याउने काममा हुनुपर्ने अन्तर्क्रिया-बहस

र जनसुनवाई नगरिकनै सिक्किमेली नेपालीहरू माझबाट बाहुन, छेत्री, नेवार, जोगी र संन्यासीलाई मूल श्रोतबाट बगरमा फाल्ने काम त्यसवेलाका शासकले गरे।

लिम्बूहरूको राजत्वकालको विधान परिषद् वा काउन्सीलमा रहेको एउटा चोङ सीट पनि जनप्रतिनिधित्व ऐनको संशोधनसँगै हरायो। ठीक त्यही संशोधनकाल अथवा १९७८ सालदेखि नै सिक्किम विधानसभामा सिक्किमेली नेपालीहरूको पनि सीट आरक्षण हुनुपर्ने मागको उठान भयो र उक्त माग अद्यपि छँदैछ। यही क्रममा लिम्बू र तामाङहरूको जनजातिको रूपमा मान्यताको माग पनि केन्द्रीय स्तरमा पुगिसकेको थियो।

१९७६ मै केन्द्र सरकारले राज्यका मुख्य सचिव स्व. टी.एस.ग्याल्छेनलाई लिम्बू र तामाङ लगायत राई, गुरुङ, मगर, भुजेल, सुनवार जाति र आवश्यक परे सम्पूर्ण सिक्किमवासीलाई ट्राइबल दर्जा दिनसक्ने पत्र पठाएको थियो (**परिशिष्ट संख्या - १०-मा उक्त पत्र प्रकाशित छ**)। लिम्बू, तामाङको जनजातिको रूपमा मान्यताको सुनौलो अवसर २१.४.१९८७-को दिन त्यसबेलाका मुख्यमन्त्री नरबहादुर भण्डारीले समाप्त गरिदिए। उनीकहाँ लिम्बू र तामाङलाई ट्राइबल दर्जा दिने सिफारिस सहितको केन्द्र सरकारको निर्देशन भएको फायल पुग्दा उनले **राजनीतिक सुविधाको** शब्द प्रयोग गरेर त्यो फायल त्यतिकै बदर गरिदिए। यहाँ उल्लेख्य अर्को अत्यन्त महत्वपूर्ण विषय के छ भने राजत्वकालमा 'लो मेन चोङ सुम' अथवा '**भोटे, लाप्चे र लिम्बू**' तीन भन्ने जुन सुविधाजनक नस्लभेदको पौधा रोपियो, त्यो पौधालाई १९७८-को आरक्षण सम्बन्धी राज्य कमिटिले जरो उखेलिदियो। यदि उक्त कमिटि 'लो मेन चोङ सुम' -को नियतप्रति इमान्दार रहेको भए १९७८-को सीट आरक्षणमै लिम्बूहरूले ट्राइबल सीट पाउनु पर्थ्यो जबकि शेर्पालाई भोटे, लेप्चा, शेर्पा, सुम भनिएको थिएन। यो त्यही कमिटि हो जसले सिक्किमेली नेपाली सन्तानहरू माझबाट कामी, दमाई, सार्की र माझीलाई अनुसूचित जातिको रूपमा दुइ सीट आरक्षण गरायो। लिम्बू र तामाङलाई अनुसूचित जनजातिमा

त्यसबेलै गाभेर, दर्ता गरेर बी.एल., टी.एल. सीट १२ सीट मास्तिरै गर्नु परे पनि त्यसो नगर्नुमा उक्त कमिटि कहींबाट निर्देशित थियो भन्ने स्पष्ट हुनजान्छ। १९८७-को २१ अप्रिलको दिन लिम्बू-तामाङलाई ट्राइबलमा दर्ता गर्ने सिफारिसमा हस्ताक्षर गर्न नदिने शक्तिकेन्द्र वा सामन्तको दबावबाट तत्कालीन मुख्यमन्त्री ग्रस्त थिए। अथवा उनी सामन्तीहरूको पक्षपोषणमा दृष्टिहीन र विवेकहीन बनेका थिए भन्ने कुरामा सिक्किमको पहिलो, दोस्रो र तेस्रो पुस्ता कहीं अल्मलिने आवश्यकता छैन। यो कठोर राजनैतिक चाल हो, यो तीतो राजनैतिक षड्यन्त्र हो। यो पनि सिक्किमका पहिलो, दोस्रो र तेस्रो पुस्ताले नोट गर्नुपर्ने छ कि १९७४-सालको चुनाउमा स्व. के. बी. लिम्बू दरामदिन चोङ सीटबाट विधायक बनी सिक्किम सरकारका मन्त्री समेत बनेका थिए। सामन्तहरूको र हुकुमे शासकहरूको षड़यन्त्र-सञ्जाललाई तोड्न र पारदर्शी रूपमा सम्पूर्ण सिक्किमेली सन्तानहरूलाई राजनैतिक न्याय दिन एसडीएफ सरकार मात्र सफल भएको छ। यो सरकारले सामन्तीहरूको दबावमा होइन गरीबहरूको र ओझेलमा परेकाहरूको दबावमा काम गर्दैछ र वैज्ञानिक राजनीति पनि यही हो, प्रजातन्त्र पनि यही हो अनि प्रजातन्त्रको पुनर्वहाली भनेको पनि यही हो। ज्ञातव्य रहोस् १९७८-सालमा सीट आरक्षण सम्बन्धी कमिटिका अध्यक्ष स्व. टी.एस. ग्याल्छेन थिए अनि समितिका सदस्यहरू डी.सी. लक्सम, सी.डी.राई, डी.के. मनावलन र समितिका सचिव भूतपूर्व राज सभा सांसद पी.टी. ग्याम्छो पनि थिए। एकै वाक्यमा भन्नुपर्दा १९७८-मा गठित उक्त सीट आरक्षण सिफारिस कमिटिले नै लिम्बू, तामाङहरूको हकमा पहिलो बञ्चरो हानेको हो। यो पनि यहाँ शब्दबद्ध गर्नैपर्ने छ कि लिम्बू तामाङ जातिबाट चाहिँ अनुसूचित जनजातिको दर्जा पाउनुपर्दछ भन्ने माग थियो तर टी.एस.ग्याल्छेन कमिटिले ती जातिगोष्ठीहरूलाई आफ्नो मर्जीले जनजाति बनायो जसले वास्तवमा आफ्नो माग मुखरित गरेकै थिएन। यसबाट के प्रमाण हुन्छ भने सीट आरक्षण सम्बन्धमा सिक्किममा नियुक्त भएको पहिलो कमिटि नै जिम्मेदार किसिमको थिएन।

तर काजी ल्हेण्डूप दोर्जी मूलतः सिक्किमेली नेपालीहरूको समर्थनमा मुख्यमन्त्री भएका भए पनि, उनको नेतृत्वको आड़ र भरोसा खटिखाने गरीब जनता भए पनि उनी केही आई. ए. एस. अफिसर र काजी-ठिकादार (सामन्त)-हरूको मार्गदर्शनमा चल्थे। उनको अनुमति बेगर नै मुख्य सचिव टी.एस. ग्याल्सेनले यो महत्वपूर्ण पत्र दबाए भन्न मिल्दैन। सिक्किममा बरू राजाले नेपाली -भोटिया-लेप्चालाई बराबर राजनीतिक हक नदिए पनि समान नागरिकता दिएर प्रजा मानेका थिए। नेपालीहरूमाथि काजी, ठिकादार र दरबारका सागिर्दहरूबाट भएको अन्यायविरुद्ध आवाज उठाउने काजी ल्हेण्डुप दोर्जीको नेतृत्वमा राजनीतिक गर्ने त्यसबेलाको नेपाली नेताहरू पनि मुखमा दही जमाएर बसे। जुन समानता वा समान नागरिकताको निम्ति १९७३-को जनआन्दोलन भएको थियो त्यसको उद्देश्य नै समाप्त भयो। राजाको समयमा बरू नेपालीहरू माझबाट पनि काउन्सिलमा सीट आरक्षण थियो, तर प्रजातन्त्र आएपछि सिक्किमेली नेपालीहरूको सीट र सातो दुवै हरायो।

काजी एल्डी र ग्याल्सेन कमिटिको षड्यन्त्रमा काजी, ठिकादारहरू दिल्ली धाएर राजा छोड़ेर ट्राइबल भए। नेपालीहरू आन्दोलनको उद्देश्य र आत्माबाट नै परास्त भए। पहिले प्यारिटी प्रत्यक्ष र घोषित थियो, आज काजी साहबहरू र तत्कालीन ठूला नेपाली नेताहरूले एउटा अघोषित प्यारिटीको जाँतो सिक्किमेली नेपालीहरूको घिच्रोमा झुण्डाइदिए। साँच्चै भन्नुपर्दा राजाका भारादार र काजी ठिकादारबाट दलिएका नेपालीहरूले प्रजातन्त्रको पूर्ण उपभोग गर्न पाएनन्। दबदबा र हेपाई, सामन्ती र अर्द्ध-सामन्तीहरूको वर्चस्व भने १९९४ देखि यता घटेर गएको छ। अहिलेको सरकार सामन्तीहरूको आशीर्वादमा होइन प्रत्येक समूहका गरीबहरूको सपना सहयोग र समर्थनमा बनेको छ। कोल्टे परेको सिक्किमका आरक्षण प्रणालीको जनक त्यही कमिटि हो। अन्य राज्य र सिक्किमको आरक्षण व्यवस्थाको तुलनात्मक विवरण परिशिष्ट ४ (१)-मा राखिएको छ। यो शिक्षित नागरिक समाज र सिक्किमको भविष्यले आश्चर्य मान्ने प्रकारको छ।

राजाको समयमा कमसेकम नागरिकताको समानता थियो, राजनीतिक हकको असमानता। एसडीएफ पार्टी समूहगत समानतामा विश्वास गर्दछ। लिम्बू र तामाङको ट्राइबल मान्यता सामन्त शक्तिको पदक्षेप हो। न्यायको यो राजनीतिक लड़ाईं चल्नेछ अनि आम गरीबहरूको निम्ति यसलाई चाहिने बलिदानको साहस अझ बढ़ेर गएको छ।

विभिन्न मागहरूका सम्बन्धमा मुख्यमन्त्री पवन चामलिङको नेतृत्वमा ३० अगस्त १९९५-मा तत्कालीन प्रधानमन्त्री स्वर्गीय नरसिंह रावलाई लिम्बू-तामाङ साथै गुरुङ, मंगर, सुनुवार आदिलाई जनजाति दर्जा दिनुपर्छ भन्ने माग समग्र विधायक मण्डलीको सहीछाप सहित बुझाएको थियो यसरी नै २ जुलाई १९९६-का दिन तत्कालीन प्रधानमन्त्री देवेगौड़ालाई, ७ जुलाई १९९७-तत्कालीन प्रधानमन्त्री इन्द्रकुमार गुजराललाई, ३० मार्च १९९८-का दिन तत्कालीन प्रधानमन्त्री अटल बिहारी वाजपेयीलाई चढ़ाइएका याददास्तपत्र प्रकाशित छन्। हेर्नुहोला- (**उक्त पत्रहरूमध्ये तत्कालीन प्रधानमन्त्री श्री अटल बिहारी वाजपेयीलाई पठाइएको यददास्त पत्र चाहिं परिशिष्ट - १८- मा प्रकाशित छ**) स्रोतः सिक्किम डेमोक्रेटिक फ्रण्ट सरकारले सन् १९९५-देखि सन् १९९८-सम्म केन्द्र सरकार समक्ष राखेका प्रमुख मागहरू, प्रकाशक-**सूचना तथा जनसम्पर्क विभाग,** गान्तोक)

•

# सिक्किमेली लिम्बू र तामाङले-जान्नु पर्ने कुराहरू

**सिक्किम लिम्बू, तामाङ ट्राइबल फोरमका अध्यक्ष श्री वीरबल लिम्बू (भू. पू. मन्त्री)-ले "सिक्किमे लिम्बू र तामाङले जान्नुपर्ने कुराहरू" भन्ने एक छः पृष्ठको पुस्तिकामा सिक्किमका लिम्बू, तामाङमाथि एसडीएफ अध्यक्ष तथा मुख्यमन्त्रीको इमानदार पहलको सविस्तार विवरण दिनुभएको छ। २००४-मा प्रकाशित उक्त पुस्तिका सर्वसाधारण जनताको जानकारीका निम्ति उनको लेखको रूपमा जस्ताको तस्तै यहाँ प्रकाशित गरिएको छ-**

"हालमा पुनर्सीमाङ्कनको सिलसिलामा सिक्किमेली लिम्बू र तामाङ जनजातिका विधानसभा सीट आरक्षण विषय लिएर प्रायः सिक्किमका जम्मै राजनैतिक दलहरू तैं छाड़ र मै छाड़ गर्दै दौड़मा भाग लिन तम्सेका देखनमा आएको छ। कुरो गजबको छ; सन् १६७६ जुलाई २१-को दिन भारत सरकारले तत्कालीन सिक्किम सरकारलाई सिक्किमेली लिम्बू र तामाङलाई भोटे-लाप्चेहरूसँगै अनुसूचित जनजातिको मान्यता दिनु; भनी पठाएको आदेश पत्र संख्या-12016/24/75- (SCTV) लुकाएर सन् १६७८-मा भोटे-लाप्चेलाई मात्र अनुसूचित जनजातिको मान्यता दिए- लिम्बू र तामाङका पक्षमा कोही बोलेनन्। ३१ अगस्त १६७८-को दिन तत्कालीन केन्द्रीय मन्त्री बुटासिंहको अध्यक्षतामा संसद भवनको प्रमुख कमरा न. ६ दिल्लीमा सम्पन्न गरिएको सभामा सिक्किमेली लिम्बू र तामाङलाई अनुसूचित जनजातिको मान्यता दिने निर्णय लिइयो; तर सिक्किमका तत्कालीन मुख्यमन्त्री

महोदय नरबहादुर भण्डारीले २२ अगस्त १९८७-का दिन- "सिक्किमेली लिम्बू र तामाङलाई मात्र अलग्गै छुट्याएर अनुसूचित जनजातिको मान्यता दिन सकिंदैन; कारण हामी Divide and Rule Policy चाहँदैनौं"- भनेर फाइलमा लेखेपछि सिक्किमेली लिम्बू र तामाङले पाइसकेको आफ्नो अधिकारबाट वञ्चित हुन परेको थियो-यो ध्रुव सत्य हो। सन् १९९१-मा पनि सिक्किमेली लिम्बू र तामाङलाई अनुसूचित जनजातिको मान्यता केन्द्र सरकारले दिएकै हो; तर त्यति बेला पनि तत्कालीन मुख्यमन्त्री महोदय नरबहादुर भण्डारीले नै तत्कालीन केन्द्रीय रक्षामन्त्रीलाई-"सिक्किमेली लिम्बू र तामाङलाई अनुसूचित जनजातिको मान्यता दिनु हुँदैन; कारण सिक्किमेली लिम्बू र तामाङलाई अनुसूचित जनजातिको मान्यता दियो भने नेपाली समुदायमा विभाजन आउनेछ"- भनी लेखेर दिएको कारण यस पटक पनि सिक्किमेली लिम्बू र तामाङले आफ्नो माग पाउनबाट वञ्चित हुन परेको थियो- यो पनि ध्रुब सत्य नै हो। सन् १९९४-को दिसम्बर महिनामा पनि सिक्किमेली लिम्बू र तामाङले अनुसूचित जनजातिको मान्यता पाएको हो, तर त्यस्तै जाल-झेलमा परेर पाएको माग गुमाउन परेको थियो। अझ थप लिम्बू भाषा-साहित्यलाई स्नातक (B.A.) स्तरसम्म पढ्ने र पढ़ाउने मौका दिनुपर्छ भनी बिन्ती गरेर चलाइएको फाइलमा ७ अगस्त १९९३-का दिन तत्कालीन मुख्यमन्त्री महोदय नरबहादुर भण्डारीले - 'I would like to know the number of Graduates and post Graduates in Limbu Language people'- भनी लेखेर लिम्बू भाषा-साहित्यको खिल्ली उड़ाएका थिए। लिम्बू भाषा-साहित्यलाई स्नातक (B.A.) स्तरसम्म पढ़ने र पढ़ाउने मौका नै त पाएको थिएन भने तत्कालीन मुख्यमन्त्री महोदय नरबहादुर भण्डारीलाई लिम्बू भाषा-साहित्यमा स्नातक (B.A.) र स्नाकोत्तर (M.A.) स्तरमा पास गरेका लिम्बूहरू हामीले कहाँबाट ल्याएर दिने ? (उक्त जनाइएका तथ्यहरूका विषयमा यदि कुनै पनि महानुभावलाई चित्त नबुझेको खण्डमा प्रमाणका रूपमा दस्तावेजहरू चाहेमा यो कलमकार वीरबल लिम्बूलाई सम्पर्क गर्न सक्छ)।

अब सिक्किम लिम्बू-तामाङ ट्राइबल फोरमले पनि बोल्ने घड़ी आएको बुझियो र बोल्न पर्दा यसरी बोल्दछः-

१. आफू सत्तामा हुँदा सिक्किमेली लिम्बू र तामाङलाई अनुसूचित जनजातिको मान्यता दिनु हुँदैन भनेर घरी-घरी केन्द्र सरकारलाई लेखेर दिने नेताहरू अहिलेको घड़ीमा आत्तिएर कुद्दै सिक्किमेली लिम्बू र तामाङका सीट आरक्षण विषय भुकी-भुकी हिंड्ने काम नै हामीले देखेका छौं किन कि सिक्किमे लिम्बू र तामाङले अनुसूचित जनजातिको संविधानको ३३२ धाराको प्रावधान अनुसार सिक्किमेली लिम्बू र तामाङले आफ्नो राजनैतिक अधिकार पाउँछै-पाउँछ; यो कुनै शक्तिले रोकेर रोक्न सक्दैन, कारण यो सिक्किमेली लिम्बू र तामाङले पाएको संवैधानिक अधिकार हो। विश्वास नभए पहिला सिक्किमेली लिम्बू र तामाङलाई अनुसूचित जनजातिको मान्यता दिनु हुँदैन भनेर केन्द्र सरकारलाई लेखेर पठाए जस्तै फेरि सिक्किमेली लिम्बू र तामाङ अनुसूचित जनजातिका निम्ति सिक्किम विधानसभामा सीट आरक्षण गर्न हुँदैन भनी लेखेर पठाई हेर्दा हुन्छ अनि मात्र चाल पाउँछ स्याल बौलाएर फ्याउरो को हुँदोरहेछ ?

हालमा सीमाङ्कन विषय लिएर सिक्किमेली लिम्बू र तामाङलाई विभिन्न माध्यम अनि बेनामी र आधारहीन पर्चाहरूद्वारा भड्काउने र चम्काउने भरमग्दूर प्रयास भइरहेको छ। तर यो उदण्डतापूर्ण प्रयास कहिले सफल हुँदैन किन कि सारा सिक्किमका लिम्बू र तामाङले को आफन्त हो ? को दुश्मन हो ? चिनिसकेका छन्; कारण सिक्किमेली लिम्बू-तामाङ ट्राइबल फोरमले सारा सिक्किमका लिम्बू र तामाङ गाउँहरूमा घुमी-घुमी सत्य तथ्यहरू सिक्किमेली लिम्बू र तामाङ सन्तान समक्ष राखिसकेको छ। अझ अर्को कुरो पहिलाको जस्तो सिक्किमेली लिम्बू र तामाङलाई नसोचे हुन्छ किन कि हालमा त लिम्बू र तामाङ आफ्नो अधिकार विषय सचेत भइसकेका छन्, कसैले डाँट्ने र छक्याउने काम नै छैन; कारण पहिँला यातना दिने बेलामा सिक्किमेली लिम्बू र तामाङका ढाड़ फूस्कुन्जेल यातना

दियो अनि अहिलेको घड़ीमा ती चोटहरूमा मलम दली दिन्छु भन्दै हिँड्नु यो सरम लाग्दो कुरो हो अनि आफै बोक्सी आफैं झाँक्री भएको होइन र ? सिक्किमेली लिम्बू र तामाङ्ले ढाड़ फुस्कुन्जेल धुलाई खाएको चोटमा परै अर्कैले प्रेमपूर्वक मलम दली दिएको छ; जसले गर्दा त्यो चोटको खोटो उप्किएर गइसक्यो खाली अलिकता घाउ थाक्न मात्र बाँकी छ; तर त्यसको पनि औषधिमूलो गरी दिँदैछ-जाती हुने नै हौं-हामीलाई सुर्ता छैन- तिमी पनि सुर्ता नगर।

३. विभिन्न माध्यमहरूद्वारा यो हालको प्रस्तावित सीमाङ्कन प्रस्ताव चाहिँ वर्त्तमान सिक्किम राज्य सरकारले आफ्नो स्वार्थको निम्ति तयार गरिएको रूपरेखा हो भन्ने कुराहरू सुन्न र पढ्नमा आएको छ; तर यहाँ ती भन्ने र लेख्नेहरूले जानेर पनि नजाने जस्तो अनि बुझेर पनि बुझ पचाए जस्तो हामीलाई लाग्दछ; कारण यो सीमाङ्कन आयोग चाहिँ सम्पूर्णरूपले स्वतन्त्र निकाय हो जसलाई भारतीय संविधानको धारा ३२७-ले अधिकार दिएको छ। यसो हुँदा हालको पुनर्सीमाङ्कन विषय लिएर वर्त्तमान राज्य सरकारलाई दोष्याउनु नै निराधार मानिन्छ। अनि यो त केवल जनसाधारणलाई भ्रममा पार्ने प्रयास गरिएको मात्र बुझिन्छ।

४. अर्को गजबको कुरा १५ सेप्टेम्बर २००५-को दिन एउटा स्थानीय नेपाली दैनिक समाचार पत्रमा प्रचार गरिएको समाचारमा सिक्किमका राजनैतिक बुद्धिजीवीहरूले- "सिक्किमेली लिम्बू र तामाङ समुदायलाई आरक्षण दिन विशेष जनगणना कुनै आधारै होइन" - भनेर छापामा ल्याएका छन्। अब यस विषयमा सिक्किमेली लिम्बू र तामाङ्ले बुझ्नुपर्ने कुरो के छ भने- जबसम्म सिक्किमेली लिम्बू र तामाङ्को साँचो जनसंख्याको आँकड़ा सीमाङ्कन आयोगमा पुग्दैन तबसम्म सिक्किमेली लिम्बू र तामाङ्को निम्ति सिक्किम विधानसभामा सीट आरक्षण गर्ने कुरै आउँदैन; यसकारण सिक्किमेली लिम्बू र तामाङ्को निम्ति सिक्किम विधानसभामा सीट आरक्षण गर्ने कुरै आउँदैन; यसकारण सिक्किमेली लिम्बू र तामाङ्को साँचो

जनसंख्याको आँकड़ा निकाल्नको निम्ति विशेष जनगणनाको चाँजो मिलाउनु नितान्त जरूरत छ। यसै विषयलाई मध्य नजरमा राखेर वर्त्तमान सिक्किम सरकारले सिक्किमेली लिम्बू र तामाङको साँचो जनसंख्याको आँकड़ा तयार पार्नको निम्ति आगामी अक्टोबर-नोभेम्बर महिनाभित्रमा विशेष जनगणना (Special Census)-को चाँजो मिलाइएको हो; तर अर्कोतिर साझा मुद्दाहरू लिएर एउटै मञ्चमा उत्रेका बुद्धिजीवी नेताहरूले सिक्किमेली लिम्बू र तामाङहरूको जनगणना नहोस् र विधानसभा सीट पनि आरक्षण नहोस् भन्ने हेतुले- "विशेष जनगणना (Special Census)-को कुनै आधारै होइन"- भन्दै सिक्किमेली लिम्बू र तामाङमा भ्रम पैदा गर्ने कोशिश गरिएको बुझिन्छ। अझ थप जान्ने कुरो के छ भने १४ मार्च २००५-का दिन सीमाङ्कन आयोगले आफ्नो पत्र संख्या न. २८२/DEL/SC-ST/२००५-मा- "सिक्किमका भोटे-लाप्चे बाहेक अन्य अनुसूचित जनजाति (Scheduled Tribe) -हरूको साँचो जनसंख्याको आँकड़ा जबसम्म रेजिस्ट्रार जेनेरल (Registrar general) -ले सीमाङ्कन आयोगलाई दिँदैन तबसम्म सिक्किमका लिम्बू र तामाङ जनजातिका निम्ति सिक्किम विधानसभामा सीट आरक्षण गर्नै सकिँदैन"- भनेर लिखितरूपमा गृह मन्त्रालयमा पठाइसकेको छ; यसकारण सिक्किमेली लिम्बू र तामाङका निम्ति सिक्किम विधानसभामा सीट आरक्षण गर्नाखातिर विशेष जनगणना अनिवार्य छ। यसर्थ सिक्किम लिम्बू-तामाङ ट्राइबल फोरम सारा सिक्किमका लिम्बू र तामाङप्रति अनुरोध गर्दछ कि अर्काको भड्काइ र चम्काइमा नपरी आफ्नो अधिकार हासिल गर्ने कामतिर लागौं।

५. हालमा अवसरवादी नेताहरूले लिम्बू र तामाङका बाहुल्यता भएका क्षेत्रहरूमा (BL) भोटे-लाप्चे सीट र (SC) अनुसूचित जातिका सीट भनेर वर्त्तमान सरकारले सीमाङ्कन आयोगलाई घोषणा गर्न लगायो भन्ने जुन आधारहीन दोषारोपण गरिएको छ सो सरासर गलत सोंचाइ हो। यो सीमाङ्कन आयोग राज्य सरकारको अधीनमा हुँदैन। सीमाङ्कन आयोगलाई एउटा स्वतन्त्र निकाय हो भनि भारतीय संविधानको धारा ३२७-ले अधिकार

दिएको छ। अब सिक्किमेली लिम्बू र तामाङले जान्न पर्ने कुरा के छ भने (Registrar General) रेजिस्ट्रार जेनेरलद्वारा सिक्किमेली लिम्बू र तामाङको साँचो जनसंख्याको आँकड़ा तयार भएपछि जुन-जुन चुनाव क्षेत्रहरूमा लिम्बू र तामाङका जनसंख्या ज्यादा हुन्छन् त्यहाँ-त्यहाँ नै लिम्बू र तामाङका निम्ति विधानसभा सीट आरक्षण हुने छ जसरी हालमा भोटे-लाप्चे बाहुल्यता भएका समष्टिहरूलाई भोटे-लाप्चे सीट भनी घोषणा गरिएको छ। यसमा कुनै प्रकारको कसैले शङ्का नगरे हुन्छ।

६. क्रमैले अर्को कुरो सिक्किमेली लिम्बू र तामाङ अनुसूचित जनजातिका निम्ति सिक्किम विधानसभामा कतिवटा सीट आरक्षण गर्न पर्ने हो त्यो केन्द्र सरकारले छलफल गर्नुपर्छ संविधानको प्रावधान अनुसार। अहिलेसम्म सिक्किम विधानसभामा सिक्किमका कुनै पनि अनुसूचित जनजाति (ट्राइबल)-का निम्ति एउटै पनि सीट आरक्षण गरिएको छैन, खाली भोटे-लाप्चेका निम्ति मात्र सीट आरक्षण गरिएको छ। अझ अर्को बुझ्न पर्ने कुरो सिक्किमेली लिम्बू र तामाङका निम्ति विधानसभासीट आरक्षण गर्ने अधिकार केन्द्र सरकार अथवा पार्लियामेण्टलाई मात्र छ, राज्य सरकारलाई अधिकार छैन; यसकारण सिक्किमका बुद्धिजीवी नेताहरूले पनि वर्त्तमान सिक्किम सरकारलाई दोष्याउँदै निमुखा सिक्किमेली लिम्बू र तामाङलाई चम्काउने र भड्काउने काम नगरी दिऊँन् भन्ने बिन्ती गर्दछौं।

७. हालमा सिक्किमेली लिम्बू र तामाङका साँचो जनसंख्याको आँकड़ा तयार गर्नको निम्ति विशेष जनगणना (Special Census) हुनभन्दा अघि नै पुनर्सीमाङ्कनको काम हुन गएकै भए तापनि सिक्किमे लिम्बू र तामाङका जनसंख्याको आँकड़ा विशेष जनगणनाद्वारा तयार गरिएपछि सिक्किमेली लिम्बू र तामाङका निम्ति सीट आरक्षण गर्न पर्ने कारणले गर्दा फेरि सिक्किममा पुनर्सीमाङ्कनको काम हुनेछ भन्ने संकेत पाइएको छ; यसकारण हामी सिक्किमेली लिम्बू र तामाङले त्यति आत्तिने कारण देखा परेको छैन।

८. सिक्किमेली लिम्बू र तामाङ जनजातिका निम्ति सिक्किम विधानसभामा

सीट आरक्षण विषय केन्द्र सरकार र सीमाङ्कन आयोगलाई लगातार बिन्ती गर्दै जानकारी दिँदा-दिँदै पनि सिक्किमेली लिम्बू र तामाङ जनजातिका निम्ति विधानसभामा सीट आरक्षण गरिदिँदैन भने सिक्किम राज्य चाहिँ अझसम्म भारतवर्षमा गाभिएको छैन रहेछ अनि २२ औं राज्य पनि भएको छैन रहेछ भन्ने हामी सम्झनेछौं, कारण भारतीय संविधानको ३४२ धाराको प्रावधान मुताविक सिक्किमेली लिम्बू र तामाङलाई अनुसूचित जनजातिको मान्यता दिएको हो भने त्यही भारतीय संविधानको ३३२ धारा मुताविक सिक्किमेली लिम्बू र तामाङ अनुसूचित जनजातिलाई सिक्किम विधानसभामा सीट किन आरक्षण गर्न सक्दैन ? यदि भारतीय संविधानको धारा ३३२-लाई सिक्किमेली लिम्बू र तामाङका निम्ति लागु गर्न सक्दैन भने अझसम्म सिक्किम भारतवर्षको अभिन्न अङ्ग भएकै छैनरहेछ भन्ने हामी सम्झनेछौं।

भारतीय संविधान मुताविक भारतमा एकै प्रकारका अनुसूचित जनजाति (ट्राइबल) हुन्छन् दुइ प्रकारका हुँदैनन्, तर सिक्किममा भने दुइ प्रकारका अनुसूचित जनजाति (ट्राइबल) बनाएको छ (क) राजनैतिक अधिकारसँगको अनुसूचित जनजाति (ट्राइबल) भोटे-लाप्चे हुन् र (ख) राजनैतिक अधिकार बिनाको अनुसूचित जनजाति (ट्राइबल) लिम्बू र तामाङ हुन्। यसको अर्थ हो सिक्किममा अझसम्म भारतीय संविधान लागु भएकै छैन भन्ने बुझिन्छ। यसर्थ सिक्किम चाहिँ भारतवर्षको २२ औं राज्य अथवा अभिन्न अङ्ग हो भने भारत सरकारले विलम्ब नगरी जसरी सिक्किमेली भोटे-लाप्चेका निम्ति सिक्किम विधानसभामा (१२) बाह्रवटा सीट आरक्षण गरेर राजनैतिक अधिकार दिनु पर्‍यो; होइन भने भारत सरकारले सिक्किममा भारतीय संविधान लागु भएकै छैन भनेर घोषणा गर्नु पर्‍यो।

सिक्किममा एस. डी. एफ. सरकार वर्त्तमान मुख्यमन्त्री डा. पवन चामलिङको नेतृत्वमा गठन भएपछि सिक्किमेली लिम्बू र तामाङले हासिल गरेका मान्यता र अधिकारहरू यस प्रकारका छन्ः-

(क) सन् १९९४-भन्दा अघिका पार्टी र सरकारहरूले सिक्किमेली

लिम्बू र तामाङप्रति के कस्ता प्रकारका नीति अप्नाएका थिए सो अघि माथि नै वर्णन गरिसकिएको छ- जसबाट दूधको दूध, पानीको-पानी छुट्टिहाल्छ। त्यसरी पहिलाका पार्टी र सरकारहरूले सिक्किमेली लिम्बू र तामाङप्रति अन्याय र अत्याचारको मुङ्ग्रो प्रयोग गरेकै भए तापनि मुख्य मन्त्री डा. पवन चामलिङको नेतृत्वमा एस. डी. एफ. सरकार गठन भएपछि सिक्किमेली लिम्बू र तामाङका अनुसूचित जनजातिको माग विषय सकारात्मक कदम उठाइयो; फलस्वरूप २००२-मा पुगेर सिक्किमेली लिम्बू र तामाङले अनुसूचित जनजातिको मान्यता पायो, जसको श्रेय मुख्यमन्त्री डा. पवन चामलिङलाई जाँदछ किन कि सिक्किमेली लिम्बू र तामाङलाई अनुसूचित जनजातिको मान्यता दिलाएर (२७) सत्ताईस वर्षको लामो संघर्षबाट मुक्ति दिलाएका छन्।

(ख) यसरी सिक्किमेली लिम्बू र तामाङलाई २००२-मा अनुसूचित जनजातिको मान्यता दिलाउने बेलामा मुख्यमन्त्री डा. पवन चामलिङलाई -"सिक्किमेली लिम्बू र तामाङलाई अनुसूचित जनजाति (ट्राइबल)-को मान्यता दिलायौ भने तिम्रो सरकार ढल्छ"- भनी तर्साउनेहरू पनि कम थिएनन् अनि गान्तोकदेखि दिल्लीसम्म सिक्किमेली लिम्बू र तामाङले अनुसूचित जनजातिको मान्यता नपावोस् भनेर जाल पनि नबिछाएको होइन। त्यो गान्तोकदेखि दिल्लीसम्म बिछाइएको जाल तोड्नको निम्ति यो कलमकार र अन्य लिम्बू-तामाङ साथीहरूलाई उनले नै २ दिसम्बर २००२-को दिन दिल्ली पठाएर काम गर्न लगाएका कुरालाई नकार्न सकिंदैन। भन्नुको तात्पर्य त्यस्तो विकट स्थितिमा पनि डर नमानी मुख्य-मन्त्री पवन चामलिङले १६ दिसम्बर २००२-को दिन साँझपख सोरेङ पावर रेस्ट हाउसमा हामीलाई वचन दिए मुताविक सिक्किमेली लिम्बू र तामाङलाई अनुसूचित जनजातिको मान्यता दिलाएर आफ्नो वचन पूरा गरे जसको निम्ति सिक्किमेली लिम्बू र तामाङ आभारी बन्न पुगेका छौं।

(ग) ७ अगस्त १९९३-का दिन तत्कालीन मुख्यमन्त्रीले लिम्बू भाषा-

साहित्य स्नातक (BA) स्तरसम्म पढ्न र पढ़ाउन पाउँ भनी माग गरिएको मागलाई खिल्ली उढ़ाउँदै हिनामिना गरिदिएका थिए; तथापि त्यही मागलाई वर्त्तमान मुख्यमन्त्री डा. पवन चामलिङको नेतृत्वमा गठन भएको एस. डी. एफ. सरकारले १७ जुलाई २००२-मा पूरा गरिदियो; फलस्वरूप हिजो-आज लिम्बू भाषा-साहित्यले स्नातक (B.A.) स्तरसम्म पढ्ने र पढ़ाउने मौका पाएर फस्टाउने अवसर पनि प्राप्त गरेको छ।

(घ) लिम्बू जातिका महात्मा त्येअङ्सी सिरीजङ्गाको जन्म दिन-"त्येअङ्सी सिरीजङ्गा सावान तङ्नाम"-लाई सरकारी बिदा भनी एस. डी. एफ. सरकारद्धारा घोषणा गरियो।

(ङ) मारताम-बर्मेक-लेक्सेप मोटरमार्गलाई सिरीजङ्गा मार्ग भनी नामाकरण गरी सरकारद्धारा घोषणा गरियो।

(च) पहिलाको सरकारमा लिम्बू माङहिम (मन्दिर) निर्माण गर्नको निम्ति बारम्बार बिन्तीपत्र सरकारमा चढ़ाउँदा पनि आर्थिक सहयोग पाउन सकिएको थिएन; तर वर्त्तमान मुख्यमन्त्री डा. पवन चामलिङको नेतृत्वमा सरकार गठन भएपछि भटाभट् चारैतिर माङहिमहरू सरकारी आर्थिक सहयोगद्धारा निर्माण भइरहेका छन् यो सबैले जानेका र देखेका कुरा हुन्।

(छ) हालमा लिम्बू जातिका महात्मा त्येअङ्सी सिरीजङ्गाको भव्य मूर्ति निर्माण गरी पश्चिम सिक्किम हि गाउँको युमाङ थेगुमा खड़ा गर्ने अनि त्यहाँ नै लिम्बू भाषा-साहित्य, मुन्धुमको सोधकार्यको केन्द्र नै स्थापित गर्ने कार्य डा. पवन चामलिङको नेतृत्वमा चलिरहेको छ र एस. डी. एफ. सरकारले शुभारम्भ गरिसकेको छ।

(ज) सन् १९९४-भन्दा अघिका सरकारहरूद्धारा हेला गरिएको लिम्बू भाषा-साहित्य, धर्म इत्यादिले वर्त्तमान मुख्यमन्त्री डा. पवन चामलिङको नेतृत्वमा एस. डी. एफ. सरकार गठन भएपछि मान-मर्यादा पाएर सुखको श्वास फेर्न पाएको अनुभव सारा सिक्किमे लिम्बू जातिले महसूस गरेका छन्।

(झ) मुख्यमन्त्री डा. पवन चामलिङकै सरकारले सिक्किमेली अन्य जातिहरूका भाषाहरूसँग-सँगै तामाङ भाषालाई पनि राज्यभाषाको मान्यता दिलाएको सत्य हो। यसरी सिक्किमेली तामाङ जातिको भाषाले राज्यभाषाको मान्यता पाएपछि कमसेकम तामाङहरूका छालाले डम्फू बनिनुबाट मुक्ति पाएको छ।

(ञ) तामाङ गुम्बा निर्माण कार्यको निम्ति र पुराना तामाङ गुम्बाहरूको मरम्मती कार्यको निम्ति मुख्यमन्त्री डा. पवन चामलिङको नेतृत्वमा सरकार गठन भएपछि आर्थिक सहयोग सरकारबाट निरन्तर पाइरहेका छन्।

(ट) तामाङ जातिका महान् चाड़ 'तामाङ लोछार'-का दिनलाई एस. डी. एफ. सरकारले सरकारी बिदा भनी घोषणा गरियो जसले गर्दा सिक्किमेली तामाङहरूका संस्कृतिको अस्तित्वलाई एउटा बलियो टेवा मिलेको छ।

(ठ) डा. पवन चामलिङकै एस. डी. एफ. सरकारद्वारा सिक्किम विधानसभामा एकजना तामाङ भाषीलाई सिक्किम विधानसभाको 'दुभाषी' (Interpreter) -को पदमा नियुक्ति दिएर एउटा इतिहास नै कायम गरेको छ।

(ड) डा. पवन चामलिङकै सरकारले पाठशालाहरूमा तामाङ भाषा-साहित्य, लिपि सिकाउने र पढ़ाउने तामाङ भाषा शिक्षकहरूलाई नियुक्ति दिएर अझ अर्को इतिहास रचेको छ।

(ढ) अझ थप सिक्किममा सर्वप्रथम तामाङ भाषामा सिक्किम हेराल्ड जस्तो सरकारी मुखपत्र नै वर्त्तमान सरकारका मुख्यमन्त्री डा. पवन चामलिङले प्रकाशनमा ल्याउने मौका दिएर ठूलो गुण सिक्किमेली तामाङहरूलाई लाएका छन्।

अब हालमा सिक्किमेली लिम्बू र तामाङको प्रमुख र जटिल माग एउटै मात्र छ त्यो हो सिक्किम विधानसभामा सीट आरक्षण। यो काम पनि

मुख्यमन्त्री डा. पवन चामलिङको नेतृत्वमा चलिरहेको एस. डी. एफ. सरकारले नै पूरा गराउनेछ, यसमा शतप्रतिशत शङ्का गर्ने ठाउँ नै छैन अर्थात् यसै भनौं आगामी आम चुनावमा सिक्किमेली लिम्बू र तामाङ उम्मेद्वारहरूले अनुसूचित जनजातिका निम्ति आरक्षण गरिएका (सीट) समष्टिहरूबाट चुनाव लड्न पाउनेछन् भन्ने किटान गर्दै सिक्किमेली लिम्बू र तामाङ सन्तानलाई जानकारी दिन चाहन्छौं, यसकारण सिक्किमेली लिम्बू र तामाङ सन्तानहरू अर्काको चम्काई र भड्काइमा नपरी आफ्नो लक्ष्य पूरा गर्ने संकल्प लिएर अघि बढ्ने अनुरोध पनि गर्दछौं।

अन्तमा सम्पूर्ण सिक्किमेली लिम्बू र तामाङ सन्तानहरूलाई सिक्किम लिम्बू-तामाङ ट्राइबल फोरमको तर्फबाट यो जानकारी दिन चाहन्छौं- **'सिक्किम लिम्बू-तामाङ ट्राइबल फोरम'**-ले फेदैदेखि सिक्किमेली लिम्बू र तामाङ सन्तानका भलोको निम्ति नै काम गर्दै आएको छ र अझ अब उसो भविष्यमा पनि सिक्किमेली लिम्बू र तामाङ सन्तानका भलोको निम्ति नै वर्त्तमान सरकारसँग तालमेल राखेरै काम गर्दै जानेछ; यसमा कुनै प्रकारको राजनैतिक स्वार्थ लुकेको छैन।"

सधन्यवाद!

आफूहरूको शुभचिन्तक
(वीरबल लिम्बू )
अध्यक्ष
**सिक्किम लिम्बू-तामाङ ट्राइबल फोरम**
गान्तोक, सिक्किम।

(सौजन्य : वीरबल लिम्बूको प्रकाशित पुस्तिकाबाट)